नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहरभवन, ललितपुर
फोन नं ०१-५४२५६१७, इमेल: inof@aitc.gov.np

# प्राविधिक पुस्तिका, स्टिकर सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान

**दरभाउपत्र सुचना नं.:AITC/2080/81#3**

**पुनः सूचना प्रकाशन भएको मितिः २०८०।०९।१३**

१. यस केन्द्रको लागि आ.ब. २०८०/८१ मा आवश्यक पर्ने कृषिसँग सम्बन्धित सामाग्रीहरु छपाई (कृषि प्राविधिक पुस्तिका, स्टिकर) सम्बन्धी कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुलाई यो पुनः सूचना जारी गरिएको छ। इच्छुक फर्म वा कम्पनीहरुले यस केन्द्रमा सम्पर्क गरी वा माथी उल्लेखित फोन वा ईमेल मार्फत दरभाउपत्र सम्वन्धी आवश्यक जानकारी लिन सकिने छ।

२. इच्छुक फर्म वा कम्पनीहरुले यस केन्द्रको राजस्व खातामा (खाता नं.: ००१०१००००००००१००१००१ नेपाल बैंक लिमिटेड, गावहाल, ललितपुर, कार्यालयको नाम- कृषि सूचना तथा प्रशिक्षण केन्द्र, राजस्व शीर्षक: १४२२९, कार्यालय कोड: ३१२००३४०२) रु.१०००।- दस्तुर जम्मा गरी उक्त भौचर यस केन्द्रमा पेश गरी सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८०।०९।२७) भित्र खरिद गर्न सकिने छ। साथै दरभाउपत्र फाराम खरिदको लागि नियमानुसारको नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको खण्डमा सोको नोटरी पब्लिकबाट प्रमाणित गराई प्रतिलिपि समेत यस केन्द्रमा पेश गर्नु पर्नेछ।

३. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिन (२०८०।०९।२८) मध्यान्ह १२:०० बजे भित्र यस केन्द्रको प्रशासन शाखामा दर्ता गराइसक्नु पर्नेछ। सोहि दिन दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। रित नपुगेको र म्याद नाघी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

४. सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिले ४५ दिनको हुनेछ।

५. दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम दिन, दरभाउपत्र दर्ता गराउने तथा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ।

७. केन्द्रको स्विकृत कार्यक्रम अनुसार दरभाउ पत्र आह्वान गरिएको छ। सोही अनुसार दरभाउपत्रदाताहरुले भाग लिन सकिनेछ र दरभाउपत्रहरुको मुल्याङ्कन गरिने छ।

८. दरभाउपत्रकासाथ मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा ७५ दिनम्याद भएको बैंक ग्यारेण्टी (बैंक जमानत)को सक्कलै प्रति संलग्न गरी पेश गर्नुपर्नेछ। प्याकेजहरुको विवरण र प्याकेज अनुसारको बोलपत्र जमानत रकम तल लेखिए बमोजिम हुनेछ। बोलपत्र जमानत प्याकेज अनुसार छुट्टाछुट्टै वा एकमुष्ट रुपमा पेश गर्न सकिने छ।सिलबन्दी दरभाउपत्र एउटा मात्र प्याकेज वा एक भन्दा बढी प्याकेजमा पेश गर्न सकिनेछ ।

| प्याकेज | जमानत रकम रु. |
|---|---|
| प्याकेज २. प्राविधिक पुस्तिका | रु. १९५००।- |
| प्याकेज ३. स्टिकर | रु. २५००।- |

९. प्याकेज २ को सिलबन्दी दरभाउपत्र दाताले पछिल्लो ५ वर्षमा कम्तिमा ५००० प्रति A5 साइजको पुस्तिका छपाई गरेको र प्याकेज ३ को हकमा पछिल्लो ५ वर्षमा कम्तिमा २५०० प्रति स्टीकर छपाई गरेको हुनु पर्ने ।

१०. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

प्रकाश कुमार सन्जेल
प्रमुख